# कर्णालीका पत्रकारद्वय नगेन्द्रप्रसाद उपाध्याय र विस्नुप्रसाद न्यौपानेमाथि समाचार लेखेकै कारण भएको आक्रमण र धम्कीको घटनाबारे अध्ययन गर्न गठित मिडिया मिसन टोलीको प्रतिवेदन -२०७८

**पृष्ठभूमि :**

कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री कुर्मराज शाहीमाथि बलात्कार आरोपसम्बन्धी समाचार प्रकाशित भएपछि नागरिक दैनिकका कर्णाली प्रदेश व्युरो प्रमुख नगेन्द्र उपाध्याय र अन्नपूर्ण पोष्ट दैनिकका कालिकोट जिल्ला संवाददाता विस्नप्रसाद न्यौपानेमाथि टेलिफोन, सामाजिक सञ्जाल र प्रत्यक्ष भेटमा समेत धम्की, त्रास दिने काम भयो । समाचार प्रकाशित भएको दिन २०७८ भदौ ६ गते राति पत्रकार न्यौपानेको वीरेन्द्रनगरस्थित निवासमा एउटा समूहले घर घेर्नुका साथै ढुंगामुढा गऱ्यो । सोही समयमा पत्रकार उपाध्यायको वीरेन्द्रनगरस्थित कार्यालयमा पनि ढुंगा हानियो । पत्रकार न्यौपाने सुरक्षाको लागि राति ३ बजेसम्म जिल्ला प्रहरी कार्यालयमा बस्न बाध्य भए । त्यसपछि पनि पत्रकारद्वयलाई टेलिफोन र सामाजिक सञ्जालबाट ज्यानै लिनेसम्मका धम्कीहरु आए । बलात्कारको आरोप लगाउँदै प्रहरी कार्यालय पुगेकी महिला र उनको परिवारसमेत उल्टै पत्रकारविरुद्ध उत्रिएपछि सुरक्षा चुनौती थप जटिल बन्यो । यही अवस्थालाई ख्याल गर्दै नेपाल पत्रकार महासंघले वरिष्ठ उपाध्यक्ष रमेश विष्टको संयोजकत्वमा कोषाध्यक्ष कलेन्द्र सेजुवाल र केन्द्रीय सदस्य दीपेन्द्र शर्मा सदस्य रहेको मिडिया मिसन गठन गरेको थियो । मिसन टोलीले भदौ १४ गते सुर्खेत पुगेर घटनासँग सम्बन्धित र सरोकारवाला पक्षसँग भेटघाट गऱ्यो । टोलीले पत्रकारको सुरक्षाको लागि आवश्यक काम पनि गरेको थियो ।

**घटनाको संक्षिप्त विवरण :**

२०७६ माघमा खिचेको भनिएको एउटा भिडियोको आधारमा एक महिलाका श्रीमान् कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री कुर्मराज शाहीमाथि बलात्कार प्रयासको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पुग्छन् । प्रहरीले भिडियो पुरानो भएको र मुद्दा दर्ता गर्नको लागि हदम्याद नाघेको भन्दै फर्काउँछ । उक्त सुचना पत्रकारद्वय नगेन्द्रप्रसाद उपाध्याय र बिस्नप्रसाद न्यौपानेले प्राप्त गर्छन् । पत्रकारद्वयले बलात्कार प्रयास गरेको भनिएको भिडियो हेरिसकेपछि सोही आधारमा समाचार लेख्छन् । समाचारमा आरोप लगाउने महिलाको पहिचान खुलाइएको छैन । यद्यपि समाचार प्रकाशित भएपछि ती महिला स्वयं सामाजिक सञ्जालमा समाचार लेख्ने पत्रकार र सञ्चार माध्यमविरुद्ध उत्रिन्छिन् । मन्त्री शाहीका स्वकीय सचिवालयका कर्मचारी (जसले आफूलाई प्रेस सल्लाहकार भनेका छन्) नन्दकेश अधिकारी र प्रमुख स्वकीय सचिव प्रेमबहादुर बुढालगायतलले सामाजिक सञ्जालमा धम्कीपूर्ण भाषा प्रयोग गर्दै त्रासको वातारण सिर्जना गर्दछन् । यो क्रम निरन्तर एक हप्तासम्म चल्छ । यसले पत्रकारद्वयलाई निकै तवावपूर्ण अवस्थामा पुऱ्याउँछ । पछिल्लो समय मन्त्री शाहीले पत्रकार सम्मेलन गर्दै उक्त भिडियो 'फेक' भएको दावी गर्दछन् । उनी आफूमाथि राजनीतिक रुपमा प्रहार भएको भन्दै बचाउ गर्दछन् । पीडित भनिएकी महिला र उनका श्रीमान्समेत पत्रकार सम्मेलन गरी मन्त्रीकै पक्षमा उभिएर आफूमाथि कुनै घटना नभएको बताउँछन् । भिडियोमा देखिएका व्यक्ति मन्त्री भए पनि आफूमाथि कुनै बलात्कारजन्य घटना नभएको महिलाले दावी गर्छिन् । अर्कोतिर बलात्कार प्रयास आरोपको समाचार प्रकाशित भई भिडियो सार्वजनिक भएपछि सुर्खेतस्थित अधिकारीकर्मी मन्त्रीको राजीनामा माग्दै विरोधमा उत्रिन्छन् । नेकपा (एमाले) र उसको भातृ संगठन युवा संघले समेत सडक आन्दोलन गर्दै राजीनामा वा बर्खास्तीको माग गर्दछ । घटनामा राजनीतिक रङ देखिन्छ ।

**मिसन टोलीले गरेका क्रियाकलाप :**

- २०७८ भदौ १४ गते पीडित पत्रकारद्वय उपाध्याय र न्यौपानेसँग प्रारम्भिक जानकारी लिइयो ।
- २०७८ भदौ १४ गते पत्रकारद्वयका साथै नेपाल पत्रकार महासंघका सुर्खेत जिल्ला शाखा र कर्णाली प्रदेशका पदाधिकारी, वरिष्ठ पत्रकार, अधिकारकर्मी, कानुन व्यवसायीसँग पत्रकार सुरक्षाबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।
- २०७८ भदौ १४ गतेकै दिन घटनाबारे कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीसँग मिसन टोलीले जानकारी दिनुका साथै पत्रकारद्वयको सुरक्षामा गंभीर चासो व्यक्त गऱ्यो ।
- २०७८ भदौ १५ गते मिसन टोलीले पत्रकार महासंघका जिल्ला तथा प्रदेश समितिका पदाधिकारी र पीडित पत्रकारसँग बैठक गरी सुरक्षा योजना तय गऱ्यो ।
- २०७८ भदौ १६ गते मिसन टोलीले सुर्खेत जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल, जिल्ला प्रहरी प्रमुख एसपी पदमबहादुर बिष्ट र राष्ट्रिय अनुसन्धान विभागको सुर्खेत जिल्ला प्रमुख जयेन्द्र उपाध्यायसँग छलफल गऱ्यो । सोही दिन कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआई गणेशबहादुर ऐर र आरोपित मन्त्री शाहीसँग छुट्टाछुट्टै भेट गरी समाचार लेखेकै कारण पत्रकारको सुरक्षामाथि जोखिम बढेकोबारे गंभीर छलफल गऱ्यो ।
- पत्रकार न्यौपानेले आफूमाथि असुरक्षा भएको भन्दै भदौ १२ गते मन्त्रीका स्वकीय सचिव प्रेमबहादुर बुढा, स्वकीय सचिवालयका कर्मचारी नन्दकेश अधिकारी, भाइहरु मिनराज शाही र जजराज शाही, युवा संघका कर्णाली प्रदेश संयोजक केशव शाही र मन्त्रीनिकट मानिने दीपक रोकाया नाम किटान गरी कारबाहीको माग गरेका थिए । मिसन टोलीको भेटपछि भदौ १६ गते सुर्खेत जिल्ला प्रहरी कार्यालयले बुढा र अधिकारीलाई बोलाएर सोधपुछ गरेको थियो ।

- पत्रकार न्यौपानेले नेपाल पत्रकार महासंघ कालीकोट शाखाका सदस्यसमेत रहेका मन्त्री शाहीको स्वकीय सचिवालयका कर्मचारी नन्दकेश अधिकारीविरुद्ध महासंघ शाखाका आवश्यक कारबाहीको लागि निवेदन दिएका छन् । यस विषयमा मिसन टोलीले शाखासँग आवश्यक जानकारी लिएको छ ।

## मिसन टोलीसँग व्यक्त केही महत्वपूर्ण भनाइ

**कुर्मराज शाही (मन्त्री) -** भिडियो फेक हो । मलाई राजनीतिक रुपमा आक्रमण गर्न खोजिएको हो । विशेषगरी नेकपा एमालेका नेता यामलाल कँडेलले ममाथि रिसिइबी साँधेका हुन् । यसमा पत्रकार साथीहरुलाई प्रयोग गरिएको छ । म र मेरो नजिकका व्यक्तिको तर्फबाट पत्रकारमाथि कुनै आक्रमण, धम्की, त्रासको वातावरण सिर्जना हुँदैन । पत्रकारमाथि कुनै घटना भयो भने त्यसको जिम्मेवारी म लिन्छु । पत्रकारको सुरक्षामा म पनि उत्तिकै चिन्तित छु ।



*मन्त्री कुर्मराज शाही (बायाँ) सँग मिडिया मिसन टोली*

**गणेशबहादुर ऐर (डीआईजी, कर्णाली प्रदेश प्रहरी कार्यालय) -** समाचार लेखेकै कारण पत्रकारमाथि आक्रमण, धम्की, डर, त्रास भएपछि हामीले उचित सुरक्षा प्रवन्ध मिलाएका थियौं । अहिले पनि हामी पत्रकारको सुरक्षामा उत्तिकै चनाखो छौं । कसबाट असुरक्षा भयो, लिखित

किटानी जाहेरी दिनुहोस्, प्रहरीले तत्काल कानुनी कारबाहीको प्रक्रिया अघि बढाउँछ । प्रहरी सुरक्षाको लागि सधैं तत्पर छ ।



*कर्णाली प्रदेश प्रहरी प्रमुख (डीआइजी) गणेशबहादुर ऐरसँग मिडिया मिसन टोली*

**छविलाल रिजाल (प्रमुख जिल्ला अधिकारी, सुर्खेत)** - समाचार लेखेकै आधारमा कुनै पत्रकारमाथि डर, धम्की, त्रासको वातावरण सिर्जना गरिनु दुःखद हो । पत्रकारको सुरक्षामा प्रहरी-प्रशासन गंभीर छ । प्रेस स्वतन्त्रताविरोधी काममा संलग्नलाई कानुनी दायरामा ल्याइन्छ ।



*सुर्खेतका प्रमुख जिल्ला अधिकारी छबिलार रिजालसँग मिडिया मिसन टोली*

**पदमबहादुर बिष्ट (जिल्ला प्रहरी प्रमुख, सुर्खेत)** - पीडित महिला र उनका श्रीमान् मन्त्रीद्वारा बलात्कार प्रयास भएको भन्दै प्रहरी कार्यालय पुगेका थिए । सायद त्यही हारगुहार र भिडियोको आधारमा पत्रकारले समाचार लेखेको हुनुपर्छ । समाचारको उद्देश्य पीडित महिलालाई न्याय दिन खोजेको जस्तो देखिन्छ । तर, उल्टै ती महिला समाचार झूठो भन्दै सार्वजनिक भएपछि घटनाले अर्कै मोड लियो । आखिर जे भए पनि समाचार लेखेको कारण पत्रकारद्वयमाथि असुरक्षा पैदा भएको छ । प्रहरीले पूर्ण सुरक्षाको प्रत्याभूति दिन्छ ।



*सुर्खेतका प्रहरी प्रमुख एसपी पदमबहादुर बिष्टसँग मिडिया मिसन टोली*

**पीडित महिला र उनका श्रीमान् (पत्रकार सम्मेलनमा) -** भिडियोमा देखिने व्यक्ति मन्त्री नै हुनुहुन्छ । तर उहाँबाट कुनै दुर्व्यवहार भएको छैन । पत्रकारले समाचार लेखेर मेरो चरित्रहत्या गरेका छन् । ममाथि केही घटना भएमा त्यसको जिम्मेवार सम्बन्धित पत्रकार र मिडिया हुनुपर्छ ।

**पत्रकारद्वय उपाध्याय र न्यौपाने :** हामीले भिडियो हेरेपछि र पीडित भनिएकी महिला र उनका श्रीमान् प्रहरी कार्यालयमा कारबाहीको माग गर्दै पुगेपछि समाचार लेखेका हौं । समाचार लेख्ने क्रममा महिलासँग पनि कुरा भएको छ । उनले न्याय चाहियो भनेकी छिन् । समाचारमा हामीले महिलाको पहिचान खुलाएका छैनौं । तर उनी आफै आफ्नो पहिचान खुलाएर सार्वजनिक भइन् । यसमा हाम्रो कुनै दोष छैन । पीडित भनिको पक्ष र पीडक भनिएको पक्ष एक ठाउँमा पुगेर

हामीविरुद्ध खनिएपछि थप डर भएको छ । हामीमाथि निरन्तर रुपमा सामाजिक सञ्जाल र अन्य माध्यमबाट धम्की दिने, ज्यान लिने, मोटरसाइकल नम्बर टिपेर पिछा गर्ने क्रम रोकिएको छैन । समाचार लेखेकै कारण यस्तो हुँदा हामीले भविष्यमा कसरी समाचार लेख्ने ? हाम्रो स्वतन्त्र र निर्भयपूर्वक समाचार लेख्ने हकसमेत खोसिएको छ ।




*मिडिया मिसन टोलीसँग सुर्खेतका पत्रकार र अधिकारकर्मीलगायत*

**देवीराम देवकोटा (अध्यक्ष, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश) -** समाचार लेखेकै कारण पत्रकारमाथि आक्रमण, डर, धम्की र त्रासको सिर्जना गरिन प्रेस स्वतन्त्रताविरोधी कार्य हो । घटना लगत्तै प्रदेश समितिले केन्द्र र जिल्ला शाखा (कालीकोट र सुर्खेत) सँग समन्वय गरेर पत्रकार सुरक्षाबारे चासो व्यक्त गरेको थिहो । हामीले प्रारम्भिक रुपमा प्रेस विज्ञप्तिमार्फत घटनाको भर्त्सना गर्दै पत्रकारको सुरक्षाको माग र दोषिमाथि कारबाहीको माग गरेका थियौं । हाम्रो भनाइ पत्रकारले पनि आफ्नो मर्यादामा रहनुपर्छ भन्ने हो । यस घटनामा समाचार लेखनमा पत्रकार आचारसंहिताको पूर्ण पालना भए पनि यदाकदा सामाजिक सञ्जालमा व्यक्त भनाइले अप्ठेरो पार्ने अवस्था रहन सक्छ । यसतर्फ हामी सबै सचेत हुनुपर्छ ।

**ललित बसेल (अध्यक्ष, नेपाल पत्रकार महासंघ सुर्खेत शाखा) -** समाचार लेखेको कारण पत्रकारमाथि असुरक्षा पैदा भएको छ । यो घटनामा हामी राजनीति जान्दैनौं, पत्रकारको सुरक्षामात्र प्रमुख विषय हो । यसमा राज्य पक्ष, विवादमा मुछिएका स्वयं मन्त्रीले विशेष ख्याल गर्नुपर्दछ ।

**दुर्गाप्रसाद सापकोटा (अधिवक्ता) -** स्वतन्त्र र निर्भयका साथ पत्रकारिता गर्न पाउने पत्रकारको आधारभूत अधिकार हो । यदि कोही कसैबाट यसमा अवरोध सिर्जना गरिन्छ भने कानुनी उपचार खोजिनु पर्दछ । सामाजिक सञ्जाल, टेलिफोन वा भौतिक रुपमै आमनेसामने भएर धम्की दिनेमाथि सरकारले तुरुन्त कानुनी कारबाही गरिनु पर्दछ ।

**देवेन्द्रकुमार सेजुवाल (मानवअधिकारकर्मी)** - प्रेस स्वतन्त्रता मानवअधिकारको पनि सूचक हो । यो घटनामा मानवअधिकारको पनि हनन् भएको छ । पत्रकारले स्वतन्त्रपूर्वक समाचार लेख्न नपाउनु, समाचार लेखेकै कारण त्रासको वातावरण बन्नुले आधारभूत मानवअधिकार पनि हनन् भएको छ । यस घटनामा दोषिलाई कानुनी कारबाहीको दायरामा ल्याई स्वतन्त्रपूर्वक समाचार लेख्ने वातावरण बनाइनु पर्दछ ।

## तथ्य विश्लेषण

- पत्रकारद्वयले बलात्कारको प्रयास भएको भनिएको भिडियो र सो भिडियोलाई लिएर न्यायको लागि भन्दै जिल्ला प्रहरी कार्यालयमा पुगेको सुचनाको आधारमा समाचार लेखेका छन् ।
- समाचारमा तत्कालीन अवस्थामा पीडित भनिएकी महिलाको पहिचाना गोप्य राखिएको छ । समाचारमा पत्रकार आचारसंहिता उल्लंघन भएको देखिँदैन । तर महिला स्वयंले सामाजिक सञ्जालमार्फत आफ्नो पहिचान सार्वजनिक गरेर आफैमाथि खेलवाड गरेकी छिन् ।
- पीडित भनिएको पक्ष र पीडक भनिएको पक्ष एक ठाउँ पुग्दा पत्रकारमाथि थप सुरक्षा जोखिम देखिएको छ ।
- प्रहरीको भनाइले उक्त भिडियोको आधारमा बलात्कार प्रयास भएको आरोपसहित महिलाले कानुनी उपचार खोजेको स्पष्ट हुन्छ ।

## निश्कर्ष तथा सुझाव

नेपालको संविधान २०७२ को प्रस्तावनामा पूर्ण प्रेस स्वतन्त्रता र धारा १९ मा सञ्चारको हक तथा धारा २७ मा सूचनाको हक उल्लेख छ । प्राप्त तथ्य र प्रमाणको आधारमा स्वतन्त्रपूर्वक समाचार लेख्न पाउनु पत्रकारको आधारभूत पेशागत अधिकार हो । पत्रकारद्वय उपाध्याय र न्यौपानेले पनि सोही अधिकार प्रयोग गरेका हुन् । यद्यपि सत्ता र शक्तिको आडमा घटनालाई तोडमोड गरी समाचारलाई मिथ्या सावित गर्न खोजियो । त्यतिमात्र होइन, समाचार लेख्ने पत्रकारको ज्यानै लिनेसम्मको धम्की दिइयो । यसले पत्रकारद्वयको सुरक्षामा गंभीर चिन्ता उत्पन्न भएको छ । यद्यपि घटनामा मुछिएका मन्त्री शाहीले पत्रकारको सुरक्षामा आफ्नो तर्फबाट पूर्ण सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । यसलाई सकारात्मक रुपमा लिन सकिन्छ ।

नेपाल पत्रकार महासंघ पत्रकारद्वयको सुरक्षालाई विशेष ख्याल गर्न, प्रेस स्वतन्त्रताविरोधी घटनाका दोषिमाथि आवश्यक कारबाही र निगरानी गर्न, आउँदा दिनमा सामाजिक सञ्जालका साथै अन्य माध्यमबाट डर, धम्की, त्रास उत्पन्न हुने हर्कत नगर्न र पत्रकारलाई स्तवन्त्रपूर्वक समाचार लेख्ने वातावरण बनाउन सरोकारवालालाई सुझावसहित माग गर्दछ । हाल सुर्खेतमा रहेका पत्रकार न्यौपानेलाई गृहजिल्ला कालिकोटमा पुनर्स्थापना गर्नुपर्ने आवश्यकता पनि कायमै रहेको छ । नेपाल पत्रकार महासंघ कालीकोट शाखाका सदस्यसमेत रहेका मन्त्री शाहीको स्वकीय सचिवालयका कर्मचारी नन्दकेश अधिकारीमाथि महासंघको विधानअनुसार आवश्यक छानबिन प्रक्रिया सुरु गर्नुपर्ने देखिन्छ ।

## मिसन टोलीको तर्फबाट

रमेश बिष्ट संयोजक

कलेन्द्र सेजुवाल सदस्य

दीपेन्द्र शर्मा सदस्य